जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क-४०, २०८३ वैशाख २४ गते विहीबार, 7May 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

ओभर लोड यातायात साधन



ज्यानमाथि ज्याजती

○सरिता दाहाल

मकवानपुर । बैशाख २० दिउँसो १२:२५ बजे हेटौंडा उपमहानगरपालिका १० फरेष्ट्री क्याम्पस गेट नजीकै एउटा दुर्घटना भयो ।

जहाँ एकै साथ यातायातको ३ वटा साधनहरू ठोक्किए ति थिए ट्रक, टीपर र मोटरसाइकल ।

हेटौंडा बजारबाट भारत जाने क्रममा ग.६.प.७३१८ नम्बरको मोटर साइकललाई सोही दिशाबाट आउदै गरेको बागमती प्रदेश ०३-००१ ख १३३४ नम्बरको टिपरले पछाडिबाट ठक्कर दिदा हेटौंडा पशुपतिनगर तर्फ जादै गरेको मोटरसाइकल बागमती प्रदेश ०३-००१ ख २६२३ नम्बरको ट्रकको पछाडी ठोक्किएर पल्टीन पुग्यो ।

मोटरसाइकलमा सवार ३ जना घाईते भए । जसबाट भारतको मोतिहारी जिल्लाको २२ वर्षीय सन्तोष कुमार गुप्ताको बाया खुट्टा र निधारमा गहिरो चोट लागेको प्रहरीले जनाएको छ । यसैगरी सोही मोटरसाइकलमा सवार निजको श्रीमती २५ वर्षीया आशादेवी गुप्ताको दुबै खुट्टा, कम्मर ढाडमा चोटलागेको छ । यस्तै उनीहरूको २ वर्षीया छोरी २ गुल्ली कुमारी गुप्ताको बाँया खुट्टा र निधारमा सामान्य चोट लागेको छ । तीनवटै सवारी साधन र ट्रक/टिपर चालक जिल्ला प्रहरी कार्यालय मकवानपुर नियन्त्रणमा रहेका छन् ।

बैशाख १७ गते हेटौंडा ३ बसामाडि निवासी शिव रोक्का मोटरसाइकलमा सवार हुने क्रममा हेटौंडा ११ थानामन्याङमा दुर्घटनान परे । यातायात व्यवसायी समेत रहेका रोक्काको मोटर साइकल टीपरमा ठोकिएको थियो । हाल उनी मनमोहन हस्पिटल काठमाडौमा उपचाररत छन् ।

यि केही प्रतिनिधिमुलक घटना मात्रै हुन् । ओभरलोडको मारले थिचिएका सवारीमा ब्रेक फेल भएर, तथा अनियन्त्रित भएर हुने दुर्घटनाको तथ्याङ्क डरलाग्दो छ । भारवहन क्षमताभन्दा बढी लोड बोकेको कारण ट्राफिक कार्यालयले आफ्नो तर्फबाट निगरानी गरिरहेको बताइरहेदा पनि व्यवसायीहरूले यसलाई पालन गर्ने गरेको देखिदैन । जिल्ला ट्राफिक कार्यालय मकवानपुरले चालु आर्थिक वर्षको १० महिना (साउनदेखि बैशाखसम्म) मा ४९४ वटा सवारीलाई कारवाही स्वरूप जरिवाना कटाएको छ । जसबाट ९ लाख ८८ हजार राजस्व उठेको जिल्ला ट्राफिक कार्यालयमा प्रमुख प्रहरी निरीक्षक बच्चुराम फूयाँलले बताए ।

सडकमा क्षमताभन्दा बढी भार (ओभरलोड) बोकेर दौडिने सवारी साधनहरु यतिबेला 'गुडिरहेका यमराज' साबित भएका छन्। पछिल्लो तथ्यांकअनुसार ओभरलोडका कारण भएका १९७ सवारी दुर्घटनामा परेर ३४ जनाले अकालमा ज्यान गुमाएका छन्। यो संख्या केवल सरकारी ढड्डाको अंक मात्र हा ।

जससँग ३४ वटा घरका आशा र भरोसा सडकमै बिलाएको कारूणिक दृश्य पनि हो। घटनाबाट गम्भीर घाइते भएका ४७ जना र सामान्य घाइते भएका ३४५ को ज्यानको खबर सरकारी तथ्याङ्कमा छैन । यि नै दुर्घटनामा संलग्न अन्य २६८ सवारी साधान पनि थिए ।

ट्राफिक कार्यालयले यही समयावधिमा ६ वटा टीपर/ट्रकलाई आवश्यक कारवाहीको लागि यातायात कार्यलय रिफर गरेको छ । जसबाट १ लाख ७५ हजार ३५१ रूपैंया संकलन भएको छ ।

"राजस्व संकलनमात्रै ठुलो कुरा हैन, नियमको पालना नगर्ने, जरीवाना तिरेपछि जति पनि बोक्न पाइने भनेजस्तो भयो, यसलाई सरकारले कडाइन गर्नुपर्छ" हेटौंडा सन्दीप प्रधान भन्छन् "मान्छेको ज्यान गएको छ, सडक संरचनामा क्षति पुगेको छ ।"

सडक सुरक्षाको संवेदनशीलतालाई वेवास्ता गर्दा भएका दुर्घटनामा परेर घाइते भएकाहरूको चित्कार सरकारले सुन्नुपर्ने उनी बताउँछन् । ओभरलोडका कारण सवारीको सन्तुलन बिग्रिने र ब्रेकले काम नगर्ने प्राविधिक समस्याले गर्दा सडकमा निर्दोष यात्रीहरुले रगत बगाउनु परेको छ। अस्पतालका शैयाहरुमा छटपटाइरहेका घाइतेहरुको अवस्थाले सडक अनुशासनको भयावह चित्र प्रस्तुत गर्छ।

राजस्व कि मानवीय मूल्य

भारवहन भार वहान नियमन सम्बन्धी निर्देशिका २०७४ (शंसोधन सहति) को पालना नै नभएको कारण दुर्घटना बढ्दो छ । नेपाल सरकारले वैशाख १० गते पुन: सूचना सार्वजनिक गर्दै उक्त निर्देशिका पालनाको लागि अपिल गरेको छ ।

तर यसरी आमसञ्चारमार्फत सूचना जारी गरेर मात्रै व्यवसायीहरूले आफ्नो मर्यादाको पालना गर्ने देखिदैन । सूचनापछिको दुर्घटना र ओभर लोडको कारण तिराइएको जरीवाना र सिदले पनि यसलाई स्पष्ट पारेको छ ।

प्रशासनले ओभरलोड नियन्त्रणका लागि जरीवाना राजस्व तोकेको छ, राजस्व संकलन पनि गरेको छ । तर, राज्यको ढुकुटीमा राजस्व जम्म हुनुभन्दा सर्वसाधारणले ज्यान गुमाइरहनुले गम्भिर प्रश्न खडा गरेको छ। सडक क्षतिको अवस्था उस्तै बिजोक छ । खास गरी ढुङ्गा, गिट्टी, बालुवा, सिमेन्ट जस्ता सामग्रीहरू ओभर लोड बोक्ने गरेको पाइन्छ ।

किन रोकिँदैन ओभरलोड ?

यातायात व्यवसायीको बढी नाफा कमाउने होड र कमजोर नियमनका कारण ओभरलोडको समस्या दीर्घकालीन रोग बनेको छ। सडकको क्षमताभन्दा बढी भार बोक्दा सडक मात्र बिग्रिएको छैन, यसले दैनिक रुपमा परिवारका सदस्यहरुलाई कहिल्यै नफर्कने गरी बिदा गरिरहेको छ। प्रशासनले जरिवाना काढेर राजस्व उठाउनुलाई नै उपलब्धि मान्नु र ओभरलोडलाई पूर्ण रुपमा निषेध गर्न नसक्नुले दुर्घटनाको ग्राफ झन् उकालो लागिरहेको छ।

सडकमा बगेको रगत र अस्पतालमा छटपटाइरहेका घाइतेहरुको अवस्थालाई हेर्दा अबको प्राथमिकता केवल राजस्व संकलन मात्र हुनुहुँदैन। ओभर लोडको कारण धासिएका सडकमा दुइ पाङ्ग्रे सवारी चलाउँदा स्वत: अनियन्त्रित हुने र दुर्घटना हुने क्रम समेत बढेको छ ।

ट्राफिक कार्यालयले ओभर लोड बोकेर आएका साधनलाई बढी भएको सामन भारेर उक्त स्थानसम्मको जरीवाना रकम तिराएर मात्रै अघि बढ्न दिने गरेको ट्राफिक कार्यालय प्रमुख फूयाँलले बताए । तर यातायात व्यवसायी एकाधलाई मात्रै यस्तो गरिएको र अतिरिक्त पैसा तिरेपछि सबै सामन अगाडी बढाउन दिने गरेको यातायात व्यवासायीले नै खुलाएका छन् ।

अहिले पनि हेटौंडाका अत्यधिक सिमेन्ट उद्योगहरूले ३५ टन क्षमता भएकोलाई ३० टन, ३१ टन क्षमता भएकोलाई ३५/३६ टन र १० टन क्षमता भएकोलाई १२ वा १३ टन बोकिरहेको यातायात व्यवसायी नै बताउँछन् । तर यस्ता साधनहरू प्रशासन तथा ट्राफिकको नजरमा पर्नेगरेका छैनन् ।

इन्साइड ---- स्टोरी


चमेलीहरुको प्रश्न

विचार

✍ राजेश्वरी पन्त

पेज २ मा

मकवानपुरको ३६ घरमा हावा हुरीले क्षति, तरकारी खेती नष्ट हुँदा मुल्यवृद्धि



पेज ३ मा

दुध किसानको १४ करोडभन्दा बढी भुक्तानी बक्यौता



पेज ४ मा

बागमतीमा अब ८ मन्त्रालय

पेज ५ मा

मुख्यमन्त्री बानियाँको घर र कार्यालयमा छापा



पेज ६ मा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

बिदा र सिकाइ

यस शैक्षिक सत्रबाट सरकारले विद्यालयमा हप्तामा दुई दिन बिदा दिने व्यवस्था लागू गऱ्यो, अहिले यसबारे पक्ष विपक्षमा बहस भइरहेको छ । शिक्षक र कर्मचारीका लागि केही राहत तथा पारिवारिक समय व्यवस्थापनमा सहयोग पुगेको देखिए पनि विद्यार्थीको सिकाइ प्रक्रियामा भने यसको प्रत्यक्ष असर देखिन थालेको छ । विशेषगरी आधारभूत तहका विद्यार्थीमा पढाइप्रतिको निरन्तरता कमजोर हुने, गृहकार्य तथा अभ्यास छुट्ने र विद्यालयसँगको शैक्षिक अनुशासन खुकुलो बन्ने समस्या बढ्दै गएको छ । नेपालजस्तो शैक्षिक गुणस्तर अझै चुनौतीपूर्ण अवस्थामा रहेको देशमा सिकाइ समय घट्नु सामान्य विषय होइन । ग्रामीण क्षेत्रका धेरै विद्यार्थीका लागि विद्यालय केवल पढ्ने स्थान मात्र नभई सिक्ने, घुलमिल हुने र अनुशासित बन्ने माध्यम पनि हो । दुई दिनको लामो बिदा हुँदा धेरै बालबालिका मोबाइल, टेलिभिजन वा अनुत्पादक गतिविधिमा समय बिताउँछन् । अभिभावक व्यस्त हुने परिवारमा बालबालिकाको अध्ययन निगरानी झन् कमजोर बन्छ ।

यद्यपि, बिदा आफैंमा समस्या होइन, त्यसको उपयोग गर्ने तरिका मुख्य विषय हो । विद्यालय र अभिभावकले संयुक्त रुपमा बिदाको समयलाई सिर्जनात्मक बनाउन पहल गर्नुपर्छ । विद्यार्थीलाई पुस्तक पढ्ने बानी विकास गराउने, अतिरिक्त सिर्जनात्मक गतिविधि, खेलकुद, संगीत, चित्रकला, विज्ञान प्रयोग तथा सामाजिक सेवामा सहभागी गराउन सकिन्छ । स्थानीय तह र विद्यालयहरुले "वीकेन्ड सिकाइ कार्यक्रम" सञ्चालन गरी जीवनोपयोगी सीप, नैतिक शिक्षा र प्रविधिमैत्री ज्ञान प्रदान गर्न सक्नेछन् ।

त्यसैगरी, अभिभावकले बालबालिकासँग समय बिताउने, उनीहरुको रूचि बुझ्ने र घरमै अध्ययनमैत्री वातावरण बनाउने दायित्व पनि उत्तिकै महत्वपूर्ण छ । शिक्षा केवल विद्यालयको जिम्मेवारी होइन, परिवार र समाजको साझा दायित्व हो । दुईदिने बिदाले सिकाइ कमजोर हुने कि अवसरमा रुपान्तरण हुने भन्ने कुरा हाम्रो योजना, निगरानी र जिम्मेवारीबोधमा निर्भर रहनेछ । बालबालिकाहरूको सिकाइलाई प्रभावकारी बनाउनको लागि अभिभावक र शिक्षकको सहजिकरणलाई प्रभावकारी बनाउनु पर्छ।

चमेलीहरुको प्रश्न

✍ राजेश्वरी पन्त

उनीहरू त कसैका स्थायी भोट बैंक होइन रहेछन् । भनिन्छ, 'अभावमा जिउनेहरू कसैका हुँदैनन्, जसले तत्कालको गर्जो टार्छ, उसैका हुन्छन् ।' आज बागमती किनारा र मनहराका सुकुमवासीले 'बालेनले सुकुमवासी बस्तीमा डोजर लगाउन्नौं भने, हामीले पत्यायौं र घण्टीमा भोट हाल्यौं । आज हाम्रै उठिबास लगाए' भनिरहेको भिडियो सामाजिक सञ्जालमा देखिन्छ ।

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकार दुई विषयमा चर्चित र आलोचित छ । पहिलो, तयारी र व्यवस्थापनबिनै एकाएक सुकुमवासी बस्तीमा डोजर चलाउन आदेश दिएर । दोस्रो, संसद्मा करिब दुईतिहाइको बलियो उपस्थिति हुँदाहुँदै आफ्नै मन्त्रिपरिषद्ले निर्णय गरेर आह्वान गरिएको संसद् अधिवेशन हठात् स्थगनपश्चात् भटाभट अध्यादेश ल्याउन खोजेर ।

चर्चित यसकारण कि वर्षौंदेखि समस्याका रुपमा रहेको तर समाधान गर्न नसकिएको सुकुमवासी समस्यालाई प्रधानमन्त्री बनेलगत्तै बालेन्द्रले ढुंगोमा पुऱ्याउने अठोटस्वरुप अघि बढेर बिनाकुनै झडप बस्ती खाली गराए । राजनीतिक शक्ति, सत्ता र पहुँचको आडमा कब्जा गरिएका सरकारी जग्गाजमिनमा ठडिएका कैयौं पक्की घरमा समेत डोजर चलाउने आदेश दिए र चलाइए पनि । के यसरी मानव बस्तीमा डोजर चलाउँदा बालेन चर्चित मात्रै भए ?

बालेन्द्र अहिले आलोचित यसकारण बनिरहेका छन् कि त्यत्रो शक्तिशाली उपस्थितिसहितको संसदीय अंकगणित हुँदाहुँदै सदनलाई छलेर अध्यादेशको बाटो रोजे । नेपालको संविधानले विशेष परिस्थितिमा मात्रै सरकारले अध्यादेश ल्याउन सक्ने व्यवस्था गरेको छ । त्यस्तो अवस्थामा संसद्को बैठक, छलफल र निर्णयबाटै समाधान गर्न सकिने विषयलाई राष्ट्रपतिबाट आह्वान गरिसकेको र यही वैशाख १७ देखि नै सुरू हुने भनिएको संसद् अधिवेशन रोकेर अध्यादेशबाट शासन चलाउन खोजे ।

यसले बालेन्द्र पनि निरंकुशतातर्फ जान लागेको र पूर्वप्रधानमन्त्री केपी ओलीकै पदचाप पछ्याउन खोजेको भन्दै कानुनका जानकार, विपक्षी दललगायत विभिन्न पक्षले उनको आलोचना गरिरहेका छन् । र, उनीमाथि बहुमतको दम्भमा सार्वभौम संसद्को अवमूल्यन गरेको आरोप लाग्न थालेको छ ।

यति मात्रै होइन, जनमत र प्रतिपक्ष दुवैलाई बेवास्ता गरेर लोकतन्त्र र विधिको शासनकै खिल्ली उडाएको आरोप पनि लागेको छ । र, यो आरोप आरोप मात्रै होइन, प्रधानमन्त्रीको यस्तो कदममाथि अंकुश लगाउने जरूरी आवाज पनि हो । त्यसो त बालेन्द्रले प्रधानमन्त्रीको पदभार सम्हालेलगत्तै प्रशासक र कर्मचारीलाई आदेश दिएका थिए ।

अहिलेका सांसद र मन्त्रीहरु स्वयं पढेलेखेका र विज्ञ भएकाले उनीहरुलाई पढाउन नखोज्नु र खुरूखुरू काम गर्नु । तर, अहिले अध्यादेशबाटै शासन चलाउन खोज्नुको कारण अगाडि आएका समस्यालाई बिनाकुनै अवरोध फटाफट ढुंग्याउने हुटहुटी हो कि आफ्नै सांसदहरुमाथि विश्वास नभएर ? उनीमाथि यो प्रश्न र जिज्ञासा दुबै छ ।

'गरिबको चमेली बोल्दिने कोही छैन' गीत गाएर लोकप्रियता बटुल्दै काठमाडौंको मेयरको कुर्सीमा पुगेका र कार्यकाल नसकिँदै त्यहाँबाट निस्केर संसद्को चुनावमा होमिएका बालेन्द्र विजयी बनेपछि उनलाई यो देशको उद्धारक मात्रै होइन, गरिबका मसिहा नै ठानिएको थियो । तर, तिनै गरिब बस्ने झुपडीमा हठात् डोजर चलाएपछि यतिबेला उनी आलोचित मात्र भएका छैनन्, झुपडीविहीन बनेका तिनै गरिबको आँसुले उनलाई सरापिरहेको छ ।

आज तिनै गरिबहरुले आक्रोश र रोदन मिसिएको आवाजमा उनै बालेन्द्रको नाम लिँदै धारे हात लगाएका भिडियोहरु सोसल मिडियामा छताछुल्ल छन् ।

२०७२ को विनाशकारी महाभूकम्पको ठीक ११ वर्ष पुगेकै दिन अर्थात् १२ वैशाख २०८३ मा काठमाडौंका सुकुमवासी बस्तीमा सो भूकम्पलाई नै बिर्साउने गरी सरकारले डोजर चलायो । करिब दुईतिहाइको शक्तिशाली सरकारले अत्यन्तै छोटो समय अर्थात् जम्माजम्मी दुई दिनको म्याद दिएर आफ्ना झिटीझामटा बटुलेर बस्ती छाड्न आदेश दिएपछि त्रसित अधिकांश सुकुमवासीले हतार हतारमा सामान पोको पारे । तर, जाने र लैजाने कहाँ ? यही अलमलकै बीच सुरक्षाकर्मीले बस्तीवासी र तिनका सामानलाई उठाएर रंगशाला पुऱ्याए । यता दर्जन डोजर सुकुमवासी बस्तीमा सक्रिय बने । न कुनै विरोध न झडप ! थियो त घामपानीमा ओत लाग्ने छानो उजाडिएको हेर्दै एक छेउमा बसेर आँसु झारिरहेका सुकुमवासी र उनीहरुलाई झम्टिँदै रोइरहेका ससाना लालाबालाको चीत्कार ।

सुकुमवासी बस्ती हटाउन होस् वा महानगरमा प्रशासकीय अधिकृत पठाउने कुरामा, पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले सहयोग नगरेको डंगो बालेन्द्रमा रहेको हुन सक्छ । आफू प्रधानमन्त्री बनेलगत्तै उनको पहिलो 'एक्सन' नै सुकुमवासी बस्तीमा देखियो । बर्सौंनि बाढी र डुबानको चपेटामा पर्ने नदीकिनाराका बस्तीलाई स्थानान्तरण गरी व्यवस्थित गर्न खोज्नु र अतिक्रमित सरकारी जमिन फिर्ता गर्न खोज्नु बालेन्द्रको सकारात्मक कदम हो । तर, उनले यो कदम हतारमा चालेको विश्लेषकहरुको भनाइ छ । यसै त वर्षा भइरहेको समय, त्यसमा पनि गाँस र बासको उचित व्यवस्थाबिनै हतार हतारमा बस्तीमा डोजर चलाउने आदेश दिनुलाई मानवताको दृष्टिकोणले उचित कदम मान्न सायदै कोही तयार होला ।

को सुकुमवासी र को हुकुमवासी ? यसको जरा पत्ता लगाएर सुकुमवासीलाई उचित स्थानमा प्रतिस्थापन गर्ने गतिलो योजना बनाएर अनि कमसेकम पनि पन्ध्र दिनको अल्टिमेटम दिएर तिनलाई हटाएको भए बालेन्द्र सरकारमाथि विरोधका आवाज पक्कै कम हुन्थे ।

परिवर्तन र समृद्धिको सपना देखेर घण्टीमा छाप लगाउनेहरु तिनै सुकुमवासी बस्तीमा बस्नेहरु पनि रहेछन् भन्ने कुरा बस्ती उजाडिएपछि लालाबाला च्यापेर खुला आकाशमुनि उर्मिँदै धारे हात लगाएर बालेन्द्रलाई सत्तोसराप गरिरहेका भिडियो देख्दा थाहा लाग्छ । जबकि तिनै सुकुमवासीलाई एमालेलगायत पुराना राजनीतिक दलका 'भोट बैंक' भन्ने गरिन्थ्यो र यसैका लागि संरक्षित गरिएको ठानिन्थ्यो ।

तर, उनीहरु त कसैका स्थायी भोट बैंक होइन रहेछन् । भनिन्छ, 'अभावमा जिउनेहरु कसैका हुँदैनन्, जसले तत्कालको गर्जो टार्छ, उसैका हुन्छन् ।' आज बागमती किनारा र मनहराका सुकुमवासीले 'बालेनले सुकुमवासी बस्तीमा डोजर लगाउन्नौं भने, हामीले पत्यायौं र घण्टीमा भोट हाल्यौं । आज हाम्रै उठिबास लगाए' भनिरहेको भिडियो सामाजिक सञ्जालमा देखिन्छ । चमेलीका गीत गाउँदै मेयर बनेका बालेन्द्र मेयर हुँदा पनि चमेलीहरुका प्रिय बन्न सकेनन् । सडक पेटीमा मकै पोलेर गुजारा गरेका चमेलीहरु खेदिए । ठेलामा तरकारी बेचेर बालबच्चाको मुखमा खाना र ज्यानमा नानाको जोहो गर्दै आएका चमेलीका श्रीमानूहरु खेदिए ।

फेरि पनि उही चमेलीकै गीत गाए । पत्याइदिए र भोट हाले किनकि उनीहरुलाई पनि त्रासरहित गाँस र बासको चाहना थियो । नयाँहरुले पक्कै पनि केही गर्नेछन् भन्ने ठाने । तर, प्रधानमन्त्री बनेर देशकै शासन सत्ता सम्हालेपछि पनि बालेन्द्र 'चमेलीहरु' का प्रिय बन्न सकेनन् भन्दै बस्ती उजाडिएका सुकुमवासीहरु उनलाई धारे हात लगाउँदै छन् । अझै हृदयविदारक दृश्य त यस्ता देखिए कि आफ्नै अगाडि घर (भले त्यो झुपडी नै किन नहोस्) ढलिरहँदा ससाना बालबालिकाहरु 'मलाई मेरो घर चाहियो' भन्दै लडीबुडी गर्दै रोइरहेका थिए ।


बस्तीमित्रका गर्भवती र सुत्केरीहरुको अवस्था पनि दयनीय देखिन्थ्यो । रोगी, अशक्त र वृद्धवृद्धाहरुको अवस्था उस्तै । यस्ता दृश्य पक्कै पनि सुखद होइनन् । तर, असुरक्षित र अव्यवस्थित बस्ती हटाएर वास्तविक सुकुमवासीलाई स्थायी बास र गाँस दिने लक्ष्यसाथ बालेन सरकार लागिरहेकामा दुईमत

बाँकी पेज ५ मा

सहीखबर
समाचार/विविध
www.saheekhabar.com
२०८३ वैशाख २४ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

मकवानपुरमा हावाहुरीले २६ घरको छाना उडायो

- स्थानीय तहद्वारा राहत र पुन:स्थापनाको तयारी,
- प्रभावित परिवार तत्काल सहयोगको अपेक्षामा



○ सहीखबर संवाददाता

मकवानपुर । यही बैशाख २१ गते आएको हावाहुरी र वर्षासँगैको पानीले मकवानपुरका विभिन्न स्थानमा ठूलो क्षति पुऱ्याएको छ ।

विशेषगरी मकवानपुरको कैलाश, राक्सिराङ र मकवानपुरगढी गाउँपालिकाका २६ परिवार प्रभावित बनेका छन् ।

हावाहुरीले घरका जस्तापाता र खरले छाएका छाना उडाइदिएपछि पीडित परिवार अहिले बिचल्लीमा परेका उनीहरूले बताएछन् ।

घरको छाना नै उडाएपछि बसोबासमा समस्या भएको र फेरि पानी परिरहेकाले थप जोखिम बढेको स्थानीयले बताएका छन् ।

कतिपय परिवार अहिले पनि त्यही घरमा, गोठमा, छिमेकीको घरमा अस्थायी बसोबास गरि रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार कैलाश गाउँपालिका ९ घैराङटारमा मात्रै ९ घरमा ठूलो क्षति पुगेको छ ।

बहादुर घलान, कालिमाया वाइबा, तिलकबहादुर घलान, विष्णुमाया लामा, मानबहादुर नेगी, रामहरी घलान, दिलबहादुर स्याङतान, भक्तबहादुर वाइबा र सुर्जबहादुर घलानका घर तथा गोठमा हावाहुरीले क्षति पुऱ्याएको हो ।

उक्त क्षेत्रमा मात्रै ११ लाख ६० हजार रूपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

त्यसैगरी मकवानपुरगढी गाउँपालिका ३ लेनडाँडाका मंगलसिंह तितुङको घरको जस्ता उडाएको छ । त्यहाँ मात्रै १ लाख रूपैयाँ बराबरको क्षति भएको छ ।

राक्सिराङ गाउँपालिका ९ खरीटोल, गैरीटोल र वडा नम्बर १ चिरघारी भञ्ज्याङमा गरी ९ परिवारका घरको छाना उडेको छ । नरेन्द्र मल्ल ठकुरी, भोजविक्रम सिंह, सेरबहादुर प्रजा, उत्तरकुमार प्रजा, रञ्जित नेगी, सीता रूम्बा, राजकुमार मुक्तान लगायतका परिवार प्रभावित भएका छन् ।

यस्तै भीमफेदी, इन्द्रसरोवरलगायतका अन्य क्षेत्रमा पनि गोठ, विद्यालय र कुखुरा फार्ममा क्षति पुगेको छ । प्रहरीको विवरण अनुसार ती क्षेत्रमा मात्रै ६ लाख ४५ हजार रूपैयाँ बराबरको क्षति भएको छ । मकवानपुरभर हावाहुरीबाट ठुलो क्षति भएको देखिएको छ ।

यसअघि मकवानपुरको थाहा नगरपालिकामा हावाहुरीका कारण क्षति भएका स्थानमा भने केही परिवारलाई जस्तापाता समेत उपलब्ध गराइएको छ ।

हावाहुरीले घरको छाना उडाएपछि प्रभावित परिवारहरु अहिले समस्यामा परेका छन् । तत्काल छाना छाउने व्यावस्था मिलाउनका लागि आवश्यक रहेको स्थानीयको भनाइ छ ।

प्रहरीका विभिन्न इकाईबाट टोली खटिएर क्षतिको विवरण संकलन गर्नुका साथै पीडितको अवस्थाबारे जानकारी लिइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

स्थानीय तहले राहत र पुन:स्थापनाको प्रक्रिया अगाडि बढाउने तयारी गरेको जनाए पनि प्रभावित परिवारले तत्काल सहयोगको अपेक्षा गरेका छन् । लगातार पानी परिरहेकाले उनीहरुको समस्या झन् जटिल बन्दै गएको छ ।

हावाहुरी, असिनाले तरकारी खेतीमा क्षति,मुल्य बढ्यो

मकवानपुर । लगातारको हावाहुरी, असिना र वर्षाका कारण मकवानपुरको हेटौंडा बजारमा तरकारीको मूल्य बढ्न थालेको छ ।

खेतबारीमा लगाइएका मौसमी तथा बेमौसमी तरकारीमा प्राकृतिक विपद्को असर परेपछि बजारमा आपूर्ति घट्दा मूल्यवृद्धि भएको हो ।

पछिल्ला केही दिनयता परेको असिना, हावाहुरी र अविरल वर्षाले किसानको बारीमै तयार अवस्थामा रहेका गोलभेँडा, काँक्रा, बोडी, करेला, भिण्डी, सागसब्जी लगायतका तरकारीमा ठूलो क्षति पुगेको मकवानपुरको हाँडीखोलाका किसान श्याम घिमिरेले बताए ।

हेटौंडा आसपासका कृषि क्षेत्रका किसानका अनुसार असिनाले तरकारीका बोटमा प्रत्यक्ष क्षति पुर्याएको छ भने लगातारको पानीले बारीमा पानी जम्दा बाँकी रहेका तरकारीसमेत कुहिन थालेका छन् । यसले उत्पादन घटाएर बजार आपूर्तिमा असर पुर्याएको हो ।

स्थानीय किसानहरूले मौसमको प्रतिकूलताका कारण एक सातामै ठूलो नोक्सानी व्यहोर्नुपरेको बताएका छन् । उत्पादन घटेपछि व्यापारीहरूले पनि तरकारीको मूल्य बढेको बताएका छन् ।

हेटौंडा बजारमा केही दिनअघिसम्म प्रतिकिलो ५० रूपैयाँमा पाइने गोलभेँडा अहिले ८० रूपैयाँ पुगेको छ । काँक्रा, बोडी, करेला, भन्टा र हरियो सागको मूल्यमा पनि प्रतिकिलो २० देखि ३० रूपैयाँसम्म वृद्धि भएको व्यवसायीहरूको भनाइ छ ।

व्यवसायीहरूका अनुसार स्थानीय उत्पादन घटेपछि बाहिरबाट तरकारी ल्याउनुपरेको र ढुवानी खर्च बढ्दा मूल्य थप महँगिएको हो । नेपालभर नै पछिल्लो समय तरकारी बजारमा मूल्य अस्वाभाविक रुपमा बढिरहेको तथ्यांकले पनि देखाएको छ ।

किसानहरूले मौसमजन्य विपद्बाट बारम्बार क्षति व्यहोर्नुपर्दा उत्पादन लागतसमेत उठाउन समस्या भएको गुनासो गरेका छन् । असिना र हावाहुरीले तरकारी बालीमा ठूलो क्षति पुर्याउने क्रम नेपालका विभिन्न जिल्लामा पनि देखिएको छ ।

कृषि प्राविधिकहरूले मौसममा आएको अस्थिरताले तरकारी उत्पादनमा प्रत्यक्ष असर पार्ने र त्यसको प्रभाव बजार मूल्यमा देखिने बताएका छन् । उनीहरूले किसानलाई जलनिकास व्यवस्थापन, प्लास्टिक टनेल संरक्षण र वैकल्पिक खेती प्रणाली अपनाउन सुझाव दिएका छन् ।

यता उपभोक्ताहरू भने दैनिक उपभोग्य तरकारी महँगिँदा घरखर्च धान्न थप समस्या भएको बताउँछन् । बजारमा मूल्यवृद्धि हुँदा यसको प्रत्यक्ष मार उपभोक्तामाथि परेको छ भने किसानले उत्पादन गुमाएर दोहोरो पीडा भोगिरहेका छन् ।



दुध किसानको १४ करोडभन्दा बढी भुक्तानी बक्यौता

○ सहीखबरसंवाददाता



मकवानपुर । मकवानपुरका दुध उत्पादक किसानले दुध बिक्री गरेबापत पाउनुपर्ने करिब १४ करोड ३५ लाख रूपैयाँ भुक्तानी नपाउँदा गम्भीर आर्थिक सङ्कटमा परेको गुनासो गरेका छन् ।

किसानबाट दुध सङ्कलन गर्दै आएको जिल्ला दुग्ध उत्पादक सहकारी संघ मकवानपुरका अनुसार केही उद्योगले २०७८ सालदेखि नै किसानको रकम भुक्तानी रोकेर राखेका छन् ।

सहकारी संघका व्यवस्थापक दामोदर अधिकारीका अनुसार मकवानपुरमा सञ्चालित ११ डेरी उद्योगले किसानलाई कुल १४ करोड ३५ लाख ६३ हजार ४९० रूपैयाँ भुक्तानी गर्न बाँकी छ ।

उनले हेटौंडा उपमहानगरपालिका वडा नम्बर ९ मा रहेको शुभ डेरी इन्डष्ट्रिज प्रा.लि. र हेटौंडा३ मा रहेको गायत्री डेरी इन्डष्ट्रिज प्रालिले मात्रै किसानलाई ११ करोडभन्दा बढी बक्यौता तिर्न बाँकी रहेको बताए ।

उनका अनुसार किसानलाई सबैभन्दा बढी शुभ डेरी इन्डष्ट्रिज प्रा.लि.ले ६ करोड ७० लाख ७६ हजार ४ सय रूपैयाँ भुक्तानी दिन बाँकी छ भने गायत्री डेरी इन्डष्ट्रिज प्रा.लि.ले ४ करोड ४९ लाख ४४ हजार ८७३ रूपैयाँ भुक्तानी दिन बाँकी छ । ती उद्योगले २०८३ जेठ १६ गतेदेखि किसानको भुक्तानी रोकेर राखेको उनको भनाइ छ ।

यस्तै स्यार्सेकालिका डेरीले १ करोड ६ लाख १६ हजार ४६३ रूपैयाँ, कल्पवृक्ष डेरी प्रा.लि.ले ६५ लाख ५७ हजार ३३६ रूपैयाँ, पवित्र मिल्क एण्ड फुड्स प्रा.लि.ले ४३ लाख ३१ हजार ४५ रूपैयाँ र एस.के डेरी उद्योगले २५ लाख २८ हजार ७०७ रूपैयाँ दिन बाँकी छ ।

भुटनदेवी डेरी फर्मले २२ लाख ३३ हजार ७७९ रूपैयाँ, अनुश्री सप्लायर्सले १९ लाख ७५ हजार ९९२ रूपैयाँ, कविता डेरी तथा जुस उद्योगले १२ लाख ४२ हजार ५६६ रूपैयाँ, नारायणी मिल्क एण्ड फुड्स प्रा.लि.ले १० लाख ३२ हजार ६१० रूपैयाँ र पिज्जा कटर प्रा.लि.ले ७ लाख २३ हजार ७१९ रूपैयाँ किसानलाई भुक्तानी गर्न बाँकी छ ।

उधारोमा लिदैं, नगदमै बेच्दै किसानमाथि अन्याय

दुध बिक्री गरेर जीविकोपार्जन गर्दै आएका किसानहरु लामो समयदेखि रकम नपाउँदा दैनिक खर्च धान्नसमेत समस्या परेको बताउँछन् । उत्पादन लागत बढ्दै गएको अवस्थामा भुक्तानी नआउँदा किसान ऋणमा डुब्ने अवस्था सिर्जना भएको उनीहरुको गुनासो छ ।

जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरिप्रसाद कँडेलका अनुसार उद्योगीहरुले किसानसँग उधारोमा दुध खरिद गर्ने तर बजारमा नगदमै बिक्री गर्ने प्रवृत्तिले किसानमाथि अन्याय भइरहेको छ । उद्योगहरुको उक्त प्रवृत्तिले कृषकहरुको मनोबल घट्दै जानुको साथै पेसाबाट नै पलायन हुने अवस्थामा पुगेको उनले बताए ।

'किसानले बिहान बेलुका दु:ख गरेर उत्पादन गरेको दुध उद्योगले उठाउँछन् । उपभोक्तालाई नगदमा बेचिन्छ, तर किसानले महिनौंसम्म पैसा पाउँदैनन्,' कँडेलले भने, 'यसले किसानको मनोबल घटाएको छ । कतिपय त पशुपालन नै छाड्ने अवस्थामा पुगेका छन् । भुक्तानी नपाउँदा किसानहरु पशुचारा खरिद, पशु उपचार र दैनिक घरखर्च चलाउनसमेत समस्या भोगिरहेका छन् ।'

अध्यक्ष कडँडेलका अनुसार धेरै किसान ऋण लिन बाध्य भएका छन् भने केहीले गाईभैंसी बेच्ने तयारीसमेत थालेका छन् । उनले मकवानपुरमा करिब ११ हजार किसान दुग्ध व्यवसायमा आबद्ध रहेको बताए । जिल्ला दुग्ध उत्पादक सहकारी संघमार्फत ४२ डेरी उद्योगसँग कारोबार हुँदै आएको छ, तर पछिल्ला वर्षहरुमा भुक्तानी समस्या चुलिँदै गएको उनले बताए ।

असार मसान्तभित्र ६५ प्रतिशत र असोजभित्र पुरै चुक्ता गर्न निर्देशन

यसैबिच जिल्ला प्रशासन कार्यालय मकवानपुरले आगामी असारसम्ममा कृषकहरुको बक्यौता रकममध्ये ६५ प्रतिशत भुक्तानी गर्न निर्देशन दिएको छ ।

सोमबार सर्वपक्षीय छलफल गरी प्रशासन कार्यालयले दुग्ध उत्पादक किसानको भुक्तानी रोक्ने उद्योगहरुलाई असार मसान्तभित्र कम्तीमा ६५ प्रतिशत बक्यौता रकम अनिवार्य भुक्तानी गर्न निर्देशन दिएको हो ।

बाँकी रकम भने असोज मसान्तसम्म पूर्ण रुपमा तिर्नुपर्ने सहमति गराइएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले बताए । सहमति कार्यान्वयन नभए प्रशासन प्रक्रिया अनुसार अघि बढ्ने उनको भनाइ छ ।

'तोकिएको समयसीमाभित्र भुक्तानी नगरे प्रशासनबाट कारबाही हुन्छ । उद्योग प्रवर्द्धनमा सरकार सकारात्मक रहे पनि किसानको हकहितमा सम्झौता हुँदैन,' उनले भने ।

यता छलफलका क्रममा उद्योगीहरुले बढर, चिजलगायत दुग्धजन्य वस्तु लामो समयसम्म स्टकमै बस्ने र बजारीकरणमा समस्या देखिएकाले नगद प्रवाहमा कठिनाइ भएको बताएका थिए । दुग्धजन्य वस्तु लामो समयसम्म बजारमा स्टक रहेकै कारण किसानलाई समयमै भुक्तानी गर्न नसकेको उनीहरुको दाबी छ ।

शुभ डेरी इन्डष्ट्रिज प्रालिका प्रमुख ज्ञानराज लामाका अनुसार अन्तर्राष्ट्रिय बजार र लामो उत्पादन चक्रले किसाललाई भुक्तानीमा ढिला भएको हो । उनले आफूहरु छुर्पी उत्पादक उद्योग भएकाले काम गर्ने प्रकृति नै फरक रहेको जिकिर गरेका थिए ।

उनका अनुसार छुर्पी उत्पादन प्रक्रिया लामो हुने भएकाले तत्काल नगद प्रवाह सम्भव हुँदैन । अन्तर्राष्ट्रिय बजारमा उत्पादन पठाएपछि रकम फर्किन पनि समय लाग्ने भएकाले नगद व्यवस्थापनमा समस्या देखिने गरेको उनको भनाइ छ । उद्योगले विगत १५ वर्षमा नाकाबन्दी, कोरोना महामारी र आर्थिक मन्दी जस्ता सङ्कट भोगेको उल्लेख गर्दै लामाले हालको अन्तर्राष्ट्रिय परिस्थिति पनि चुनौतीपूर्ण रहेको बताए ।

'हामीले नेपाली बजारमा कारोबार गर्दैनौं, हाम्रो मुख्य बजार अन्तर्राष्ट्रिय हो,' उनले भने, 'दुध ल्याएर भोलिपल्टै बेच्ने वस्तु होइन छुर्पी । यसको न्यूनतम उत्पादन चक्र ९० दिनको हुन्छ । उत्पादन, प्रशोधन, निर्यात र भुक्तानी फर्किने प्रक्रिया लामो भएकाले किसानलाई भुक्तानीमा ढिलाइ भएको हो । हालको इरान इजरायल युद्धजस्ता अन्तर्राष्ट्रिय घटनाले समेत हाम्रो बजार र कारोबारमा असर पारिरहेको छ ।'

गायत्री डेरी इन्डष्ट्रिज प्रालिका सञ्चालक सृजन कोइरालाका अनुसार मकवानपुरमा दुग्ध किसानको बक्यौता बाँकी रहनुमा डेरी उद्योगले निरन्तरको व्यापार घाटा व्यहोर्नु मुख्य कारण हो । उनले बजार समस्याका कारण दुधको भुक्तानीमा ढिलाइ भएको स्वीकार गरे । उनका अनुसार दुग्धजन्य वस्तुको उत्पादन लागत र बजार मूल्यबिचको ठुलो अन्तरले आर्थिक दबाब सिर्जना गरेको छ, जसले गर्दा उद्योगहरु धराशायी हुने अवस्थामा छन् ।

'भुक्तानी गर्न नसकेको होइन, तर ढिलाइ भएको हो । पछिल्ला तीन वर्षदेखि उद्योग घाटामा सञ्चालन भइरहेकाले समस्या भएको हो । नौनी उत्पादन गर्दा हाम्रो उत्पादन लागत प्रतिकेजी करिब ८३० रूपैयाँ पर्छ, तर बजारमा थोकमा बेच्दा ७०० रूपैयाँभन्दा माथि लिन सकिने अवस्था छैन,' उनले भने । अहिले पनि करिब १५० रूपैयाँ प्रतिकेजी घाटा खाएर बेचिरहेको कोइरालाको जिकिर छ । अघिल्ला वर्षहरुमा अवस्था झन् खराब रहेको उनले सुनाए ।

ट्राफिक कार्यालय मकवानपुरको सूचना

सवारी दुर्घटनाबाट बचौं र बचाऔं, ट्राफिक नियमको पालना गरौं

१. हतार गरेर सवारी साधन नचलाउ र हतारमा सडक पार समेत नगरौं ।
२. सवारी साधन चलाउदा मोबाईल फोनको प्रयोग नगरौं ।
३. जथाभावि र गलत दिशाबाट ओभर्टेक नगरौं र बाटो नकाटौं ।
४. बाटोको अवस्था अनुसार गति निर्धारण गरौं ।
५. ओभर स्पिड र ओभरटेकमा ध्यान दिऔं ।
६. सवारी साधन सुरक्षित चलाउ किनकी घरमा परिवार कुरेर बसिरहेका छन् ।
७. मादक पदार्थ सेवान तथा लागु पदार्थ सेवन गरेर सवारी नचलाऔं ।

बागमतीमा घट्यो मन्त्रालय, अब ८ कायम



○सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सरकारले मन्त्रालयको संख्या घटाउने निर्णय गरेको छ अब प्रदेशमा ८ वटा मात्रै मन्त्रालयहरू रहने छन् ।

मंगलबार बसेको बागमती प्रदेश सरकारको मन्त्रिपरिषद्को बैठकले हाल कायम रहेको १४ वटा मन्त्रालयबाट घटाएर ८ वटा कायम गर्ने निर्णय गरेको हो । यो सँगै जिल्ला स्थित सरकारी कार्यालयहरूको समेत सङ्ख्या घटाइएको छ ।

सत्तारूढ दल एमालेसमेतको सहमतिमा ९ साउनबाट लागु हुनेगरी ६ वटा मन्त्रालय घटाएको हो । लामो समयदेखि कांग्रेस एमालेबीच मन्त्रालय घटाउने विषयलाई लिएर विवाद हुँदै आएको थियो । मन्त्रालय घटाउन मन्त्रिपरिषद्को बैठक दिउँसो ३ बजेका लागि बोलाइए पनि एमालेले ९ वटा कायम गर्नुपर्ने अडान लिएपछि करिब ३ घण्टा ३५ मिनेट ढिलो गरी सुरू भएको थियो ।

मुख्यमन्त्री बानियाँले मन्त्रालयको संख्या ८ कायम गर्ने अडान लिएपछि एमालेका मन्त्रीहरु बाध्य भएका थिए । स्रोतका अनुसार बागमती प्रदेशमा रिक्त रहेको सभामुख पद एमालेलाई दिने, मुख्यमन्त्रीमा आफ्नो निरन्तरता र मन्त्रालय संख्या घटाउने विषयमा सत्तारूढ दलबीच सहमति बने पनि अन्तिम समयमा एमालेले मन्त्रालयको संख्यालाई लिएर विवाद सिर्जना गर्न खोजेको थियो ।

अब बागमती प्रदेशमा बागमती प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिरिषद्सहित आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, कृषि, पशुपन्क्षी वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय, उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय मात्र हुनेछ ।

सरकारका प्रवक्ता एवं आर्थिक मामिला तथा योजनामन्त्री प्रभात लामाका अनुसार मन्त्रालयको संख्या घट्ने भएसँगै प्रदेश मातहतका विभिन्न जिल्लामा रहेका ५० कार्यालयहरु हट्ने निश्चित भएको छ ।

'प्रदेश सरकार मातहत विभिन्न जिल्लामा हाल १९८ वटा कार्यालय रहेकोमा अब १४८ वटा कायम हुन्छ । त्यसका लागि कर्मचारी व्यवस्थापन संरचना निर्माण गर्न समिति गठन गरिएको छ ।,' प्रवक्ता लामाका अनुसार मन्त्रालय र कार्यालय संख्या घटाउँदा वार्षिक प्रदेश सरकारको ५ अर्ब चालु खर्च जोगिनेछ ।

चमेलीहरुको प्रश्न ...

छैन । यतिखेर लगातार वर्षा भइरहेको छ । यस्तो अवस्थामा बस्तीबाट उठाएर सेल्टरमा पुऱ्याइएका बालबालिका, सुत्केरी र शिशु, रोगी, वृद्ध तथा असहायको उचित हेरचाह होस् अनि प्रमाणीकरणपछि राज्यले उनीहरुलाई व्यवस्थित बसोबासको प्रबन्ध मिलाओस् ।

सरकार देशैभरका सुकुमवासी बस्ती हटाउने अभियानमा छ । बहुमतको बलियो सरकार थियो । सारा सुरक्षा संयन्त्र उसैको नियन्त्रणमा थियो । हतार नगरेकै भए हुन्थ्यो । 'तातै खाउँ, जल्दै मरौं' भन्नु बुद्धिमानी हुँदैन । सुकुमवासीका घरटहरा भत्काउँदै गर्दा पाकाहरुले त कुरो बुझ्लान् र सरकारको आदेश मान्लान् । तर, स साना बालबालिका, जसले आफ्नै आँखाअगाडि घर भत्केर धूलोमा परिणत भएको कहालीलाग्दो दृश्य देखिरहे । तिनको मानसिक अवस्था पनि भत्किएको कुरामा सरकारको तत्काल ध्यान पुग्नु जरूरी छ र उनीहरुलाई तत्काल सुरक्षित बास र मनोसामाजिक उपचारको व्यवस्था गर्नुपर्छ ।

● समयमा कर तिरौं, ● वातावरणीय सरसफाइमा ध्यान दिऔं,
● पानी खेर नफालौ, ● हरियाली प्रवर्द्धन गरौं,
● सवारी चलाउँदा मोवाइलको प्रयोग नगरौ,
● बाटो काट्दा पैदलयात्रुलाई प्राथमिकता दिने गरौं ।
लोकहितको लागि सहीखबर

आज बागमतीमा सार्वजनिक बिदा



○सहीखबरसंवाददाता

मकवानपुर । बागमती प्रदेशमा आज (बैशाख २४ गते) सार्वजनिक बिदा दिएको छ । बागमती प्रदेश सरकारले भाषा दिवसको अवसरमा आज प्रदेशभर सार्वजनिक बिदा दिएको हो ।

बागमती प्रदेश राजपत्रको खण्ड ९ संख्या ९ प्रदेश राजपत्र भाग ३ अनुसार २०८२ चैत २३ गते प्रकाशित सूचना बमोजिम आज बिहीबार प्रदेश सरकारको सरकारी कामकाजको भाषासम्बन्धी दिवसको अवसरमा बागमती प्रदेशभर सार्वजनिक बिदा दिने निर्णय भएको हो ।

आज प्रदेशभर सरकारी, सार्वजनिक संस्था तथा विद्यालय बन्द हुनेछन् । बागमती सरकारले २०८० बैशाख २४ गते प्रदेश सरकारी काम काजको भाषासम्बन्धी ऐन कार्यान्वयन गर्दै उक्त दिनलाई भाषा दिवस मनाउँदै आएको छ । प्रदेश सरकारले सरकारी कामकाजी भाषा नेपालीसहित तामाङ र नेवारी भाषालाई कानुनी रूपमै मान्यता दिएको छ । बागमती प्रदेशले सरकारी कामकाजी भाषा तीन वटा बनाएको छ ।

यो प्रदेशमा सबै भन्दाबढी तामाङ समुदायको बसोबास छ । बागमती प्रदेशमा कूल जनसंख्याको २० दशमलव ५४ प्रतिशत तामाङ बस्छन् । यस प्रदेशमा १८ दशमलब ३२ प्रतिशत ब्राह्मण समुदाय बस्छन् । प्रदेशमा क्षेत्री समुदाय १७ दशमलव १३ प्रतिशत र नेवार समुदाय १७ दशमलव ७ प्रतिशत रहेका छन् । मगर, विश्वकर्मा र गुरूङको जनसंख्याको प्रदेशको कूल जनसंख्याको क्रमश: ४ दशमलव ८७, ३ दशमलव ५ र ३ दशमलव ३२ रहेको छ ।

मानव अधिकारको सम्मान गरौं

● मानवअधिकार प्रकृतिप्रदत्त, जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
● मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता, मर्यादा र समानतासँग सम्बन्धित छ, मानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्,
● मानवअधिकार उल्लंघन नगरौं, सबैको मानव अधिकारको सम्मान गरौं ।

साथै नयाँ वर्ष २०८३ को पावन अवसरमा सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना ।

कमला सुवेदी (अध्यक्ष) एवम्
मकवानपुर महिला
उत्थान समाज, हेटौंडा

मुख्यमन्त्री बानियाँको घर र कार्यालयमा विभागको छापा

मुख्यमन्त्रीले जनाए आपत्ति

○ सहीखबरसंवाददाता

मकवानपुर । बागमतीको मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको घर र कार्यालयमा छापा मारिएको छ । मुख्यमन्त्री बानियाँको काठमाडौं र हेटौंडास्थित निर्माण सम्बन्धी कार्यालयमा सम्पत्ति शुद्धीकरण विभागले छापा मारेको हो ।

अवैध सम्पत्ति आर्जन र सम्पत्ति लुकाएको आशंकामा विभागले उनीमाथि सोमबारबाट अनुसन्धान सुरू गरेको हो । कांग्रेसका नेता एवं बागमती प्रदेशका सभापति समेत रहेका बानियाँको काठमाडौंको नक्साल र सुन्धारा तथा हेटौंडा ५, पिप्लेस्थित घर÷कार्यालयमा एकैपटक विभागले छापा मारेको प्रहरीले पुष्टि गरेको छ ।


बानियाँको हेटौंडा÷५ स्थित पिपलेको घरमा विभागका चारजना कर्मचारी र तीनजना प्रहरी पुगेको स्रोतको भनाइ छ । सम्पत्ति शुद्धीकरण विभागले जिल्ला प्रहरी कार्यालय मकवानपुरलाई आवश्यक सुरक्षा प्रबन्ध मिलाउन आइतबार नै आग्रह गरेको थियो । प्रहरीले सादा पोशाकमा समेत आवश्यक जनशक्ति परिचालन गरेको थियो ।

उनी 'क' वर्गको निर्माण व्यवसायी हुन् । उनको बानियाँ निर्माण सेवा कम्पनी रहेको छ । हेटौंडास्थित निवासमा विभागको टोलीले करिब दुई घण्टा बिताएको स्रोतले जनायो । स्रोतका अनुसार मध्यान्ह करिब १२ बजे पुगेको टोली करिब ३ बजेसम्म रहेको थियो । प्रहरी स्रोतका अनुसार उनको छोरा सेयरको दूलो कारोबारी समेत हुन् ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानका क्रममा विभागको टोलीले बानियाँको घर तथा उनकै स्वामित्वमा रहेको निर्माण कम्पनी कार्यालयमा छापा मारेपछि बजार माहोल तातेको छ । विभागले छापा मारेपछि मिडियामा कुनै प्रतिक्रिया नदिएका बानियाँले दिउँसो मने प्रेस विज्ञप्तिमार्फत आफ्नो धारणा सार्वजनिक गरेका छन् ।

अनुसन्धानमा संलग्न प्रहरीका अनुसार सम्पत्ति शुद्धीकरण सम्बन्धी उजुरीका आधारमा विभागले अनुसन्धान गरेको हो । विभागको टोलीले मुख्यमन्त्री बानियाँको घर तथा निर्माण कम्पनीको कार्यालयबाट केही कागजात अनुसन्धानका लागि लगेको छ, तर के कस्ता कागजातको लगिएको भन्ने विवरण खुलाइएको छैन ।





बागमती प्रदेश
हेटौंडा, नेपाल

मुख्यमन्त्री

प्रेस विज्ञप्ति

आफ्नो जीवनको महत्त्वपूर्ण ऊर्जाशील समय युवा दोख निचाशों अनस्था हुँदै नालिस वर्ष भन्दा लामो राजनीतिक यात्राका क्रमैं आरोह अवरोह पश्चात् हाल म बागमती प्रदेश सरकारको सरकार प्रमुखको रूपमा जनताको रोबक भई मुख्यमन्त्रीको पदमा रहेको सम्पूर्ण नागरिकलाई सर्वविदितै छ ।

आज मिति २०८३ साल वैशाख २१ गतेका दिन सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले हेटौंडा र काठमाडौंस्थित मेरो घर एवं क्रियातमा म समेत संलग्न रहेको बानियाँ निर्माण सेवाको कार्यालयमा छापा मारी कागजात नियन्त्रणमा लिएकोप्रति गम्भीर ध्यानाकर्षण भएको छ । म बागमती प्रदेशको मुख्यमन्त्री भएपछि मेरो प्रमुख प्राथमिकता नै सुशासन, पारदर्शिता र भ्रष्टाचारमुक्त समाजको निर्माण रहेको सबैलाई जानकारी नै छ । सोही अनुसार मेले बागमती प्रदेश सरकारको सार्वजनिक कार्य सञ्चालनमा खर्च कटौतीका साथै आर्थिक मितव्ययीताका लागि निरन्तर काम गर्दै आएको छु । आवश्यकता र औचित्यतामा आधारित योजना तथा कार्यक्रम र बजेटमा पारदर्शितालाई नीतिगत रूपमा अगाडि बढाइएको बेहोरा सबैको जानकारीमा छ ।

तीन तहको सरकारमध्ये प्रदेश सरकारको सरकार प्रमुख मुख्यमन्त्री हो । तीन तहको सरकार समन्वय, सहअस्तित्व र सहकार्यका आधारमा चलेको हुन्छ । सङ्घीय सरकारले गर्ने सकारात्मक कार्यमा प्रदेश सरकारको नेतृत्वकर्ताको रूपमा मुख्यमन्त्रीको सधैं साथ रहन्छ । राज्यको जुनसुकै तहले सुशासनको पक्षमा गर्ने हरेक कार्यमा म सहयोग गर्न तत्पर रहेको स्पष्ट पार्न चाहन्छु । राजनैतिक र व्यावसायिक जीवनका बारेमा गर्ने छानबिनलाई मैले सकारात्मक रूपमा लिएको छु । तर विभिन्न राज्यका गतिविधिमा आएको रमाना अनुसार सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको नाममा गरेको छापामारीले मेरो व्यक्तिगत एवं सामाजिक चरित्र माथि आघात पुगेको महसुस भएको छ । राज्यको जुनसुकै निकायले अनुरोध गर्दा आफ्नु पौतिक रूपमा पनि उपस्थित हुने विश्वास भवस्थामा अकस्मात् गरिएको छापामारी प्रति आपत्ति जनाउँदछु ।

अन्त्यमा, राज्यको एक जिम्मेवार पदाधिकारीको हैसियतले पुनः स्पष्ट पार्न चाहन्छु कि संवैधानिक र कानूनी दायरामा रहेर गरिने हरेक अनुसन्धानमा मेरो पूर्ण समर्थन र सहयोग रहन्छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले गरेको छापामारीबाट बागमती प्रदेश वासी एवं मेरा शुभेच्छुक र शुभचिन्तकलाई भ्रमित र चिन्तित नहुनु अनुरोध गर्दछु । म यहाँहरूको सेवामा सधैं तत्पर रहनेछु । जय नेपाल !

विक्रम सम्वत् २०८३ वैशाख, २१
नेपाल सम्वत् ११४६ नरुलागा तृतिया

इन्द्रबहादुर बानियाँ
मुख्यमन्त्री

आफ्नो निजी घर र कार्यालयमा छापा मारिएको प्रति बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रेस विज्ञप्तिमार्फत आपत्ति जनाएका छन् ।

मुख्यमन्त्री बानियाँको हेटौंडा÷५ स्थित निवास र उनकै स्वामित्वमा रहेको बानियाँ निर्माण सेवाको विभिन्न स्थानमा रहेका कार्यालयमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको टोलीले छापा मारेको थियो ।

सोही घटनापछि मुख्यमन्त्री बानियाँले प्रेस विज्ञप्ति जारी गर्दै यस्तो आपत्ति जनाएका हुन् । आफू मुख्यमन्त्री भएदेखि नै सुशासन, पारदर्शिता र भ्रष्टाचारमुक्त समाज निर्माणलाई प्राथमिकतामा राखेको जिकिर गर्दै बानियाँले सोही अनुसार आफूले बागमती प्रदेश सरकारको सार्वजनिक कार्य सञ्चालनमा खर्च कटौतीका साथै आर्थिक मितव्ययिताका लागि निरन्तर काम गर्दै आएको जनाएका छन् ।

"तीन तहको सरकार समन्वय, सहअस्तित्व र सहकार्यका आधारमा चलेको हुन्छ" मुख्यमन्त्री बानियाँले विज्ञप्तिमा भनेका छन्, "संघीय सरकार ले गर्ने सकारात्मक कार्यमा प्रदेश सरकारको नेतृत्वकर्ताको रुपमा मुख्यमन्त्रीको सधैं साथ र हुन्छ ।" राज्यको जुनसुकै तहले सुशासनको पक्षमा गर्ने हरेक कार्यमा आफू सहयोग गर्न तत्पर रहेको पनि मुख्यमन्त्री बानियाँले विज्ञप्तिमा उल्लेख गरेका छन् । राजनीतिक र व्यावसायिक जीवनका बारेमा गर्ने छानबिनलाई आफूले सकारात्मक रुपमा लिएको उनले बताएका छन् । उनले सवैधानिक र कानुनी दायरामा रहेर गरिने हरेक अनुसन्धानमा आफ्नो पूर्ण समर्थन र सहयोग रहने प्रतिबद्धतासमेत जनाएका छन् । "सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले गरेको छापामारीबाट बागमती प्रदेशवासी एवं मेरा शुभेच्छुक र शुभचिन्तकलाई भ्रमित र चिन्तित नहुनु अनुरोध गर्दछु" बानियाँले भनेका छन् ।

वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध

डढेलोबाट वन जोगाऔं

अमूल्य वन सम्पदाको संरक्षण गरौं

सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेलो फैलिन गई वन, वन्यजन्तु र मानवीय क्षती समेत पुऱ्याउन सक्नेहुँदा डढेलो लाग्नबाट जोगाउन विशेष सावधानी अपनाऔं ।

वनमा आगो लगाउनेलाई वन ऐन नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगोलागि हुनसक्ने कार्य नगर्न नगराउनुहुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेलो लागेको देखिएमा सबै समुदाय मिलि तत्कालै डढेलो निभाऔं । डढेलो नियन्त्रणमा आउन नसके वन समूह, नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतीहुनबाट बचाउनु हामी सबैको कर्तव्य हो । तसर्थ वन डढेलो नियन्त्रण कार्यमा सहयोग गर्नुहुन सम्पुर्ण स्थानीय तह सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ-संस्था, पत्रकारलगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

डिभिजन वन
कार्यालय, मकवानपुर

कला जोगाऔं, संस्कृति बचाऔं

- कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
- चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
- स्थानीय कलाकार तथा स्रष्टाहरूलाई प्रोत्साहन र सहयोग गरौं,
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
- सार्वजनिक स्थानहरूमा कलाको संरक्षण र प्रबर्द्धनमा ध्यान दिऔं,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुऱ्याऔं

नेपाल सरकार
विज्ञापन बोर्ड